खुम्बु पासाङल्हामु गाउँपालिका

कार्यपालिकाको कार्यालय,

चौरीखर्क, सोलुखुम्बु, कोशी, नेपाल।


# स्थानीय राजपत्र


खण्डः ८ संख्याः २ मितिः २०८२/०३/१५


## भाग-१

## खुम्बु पासाङल्हामु गाउँपालिका

खुम्बु पासाङल्हामु गाउँपालिकाको नगर प्रहरी सेवालाई व्यवस्थापन गर्न बनेको नगर प्रहरी ऐन, २०८२

आज्ञाले,

नवराज गौतम

प्रमुख प्रशासकीय अधिकृत

# खुम्बु पासाङल्हामु गाउँपालिकाको नगर प्रहरी सेवालाई व्यवस्थापन गर्न बनेको नगर प्रहरी ऐन, २०८२

**प्रस्तावनाः** नेपालको संविधानमा एकल अधिकार अन्तर्गत रहेको नगर प्रहरीलाई प्रभावकारी रूपमा परिचालन गरी खुम्बु पासाङल्हामु गाउँपालिकाको नीति, कानुन तथा निर्णय कार्यान्वयनमा अपेक्षित उपलब्धी हासिल गर्न तथा गाउँपालिकाभित्र कानुनी शासन स्थापित गर्दै नागरिकहरूलाई शान्ति, सुरक्षा र सुव्यवस्थाको प्रत्याभुति गर्न नगर प्रहरीमार्फत प्रवाह हुने सेवालाई सक्षम, सेवामूलक, जनउत्तरदायी र गुणस्तरीय बनाउने सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) खण्ड (क) र दफा १०२ (१) बमोजिम खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "नगर प्रहरी ऐन, २०८२" रहेको छ।

(२) यो ऐन खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

(३) यो ऐन गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,—

(क) "गाउँपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिका सम्झनुपर्छ।

(ख) "गाउँसभा" भन्नाले गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(घ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ङ) "उपाधयक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(छ) "कार्यालय" भन्नाले गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।

(ज) "ऐन" भन्नाले नगर प्रहरी ऐन, २०८२ सम्झनु पर्छ।

(झ) "नगर प्रहरी सेवा" भन्नाले गाउँपालिकाको नगर प्रहरी सम्बद्ध सेवा सम्झनु पर्छ।

(ञ) "नगर प्रहरी" भन्नाले गाउँपालिकाबाट नियुक्त नगर प्रहरी कर्मचारी सम्झनु पर्छ र सो शब्दले नगर प्रहरीको हैसियतमा काम गर्ने गरी संस्थागत सम्झौताबाट उपलब्ध नगर प्रहरीलाई समेत जनाउँछ।

(ट) "नगर प्रहरी कर्मचारी" भन्नाले नगर प्रहरी सहायक निरीक्षक, हवल्दार, जवान र सहयोगी समेतलाई सम्झनु पर्छ।

(ठ) "पदपूर्ति समिति" भन्नाले दफा १३ बमोजिमको पदपूर्ति समिति सम्झनु पर्छ।

(ड) "परिवार" भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैंले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, बज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासू ससुरासमेतलाई जनाउँछ।

(ढ) "भत्ता" भन्नाले गाउँपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्ता सम्झनुपर्छ।

(ण) "स्थायी पद" भन्नाले म्याद नतोकिएको गाउँपालिकाको गाउँसभाद्वारा स्वीकृत स्थायी पद सम्झनुपर्छ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

**३. ऐनको व्याख्या कार्यपालिकाले गर्ने:** (१) नगर प्रहरी वा अन्य पदाधिकारीले यस ऐनको प्रयोग गर्दा कुनै व्यक्ति वा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले कार्यपालिका समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पेस हुन आउने निवेदन सम्बन्धमा कार्यपालिकाले सामान्यतः निवेदन परेको मितिले ३० दिनभित्रमा निर्णय गरिसक्नुपर्नेछ।

## परिच्छेद-२

## नगर प्रहरी सेवा गठन, रेखदेख र नियन्त्रण सम्बन्धी व्यवस्था

**४. नगर प्रहरी सेवाको गठनः** गाउँपालिकामा एक नगर प्रहरी सेवा रहने छ। नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरीहरूको संख्या गाउँसभाले तोकेबमोजिम हुनेछ।

**५. नगर प्रहरीको रेखदेख तथा नियन्त्रणः** नगर प्रहरीको परिचालन, रेखदेख, नियन्त्रण र निर्देशन दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ र निजको आदेश र निर्देशन पालन गर्नु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ।

**६. नगर प्रहरी सेवामा रहने पद र तह** (१) नगर प्रहरी सेवामा देहायका पद र तहहरू रहनेछन्:

| | |
|---|---|
| (क) नगर प्रहरी सहायक निरीक्षक | सहायकस्तर चौथो |
| (ख) नगर प्रहरी हवल्दार | सहायकस्तर तेश्रो |
| (ग) नगर प्रहरी जवान | सहायकस्तर दोश्रो |
| (घ) नगर प्रहरी सहयोगी | श्रेणीविहिन/आधारभूत |

(२) उपदफा (१) बमोजिमका पद र तहका नगर प्रहरीले अनुसूची-१ मा उल्लेख भएबमोजिमको दर्ज्यानी चिह्न प्रयोग गर्नेछ।

(३) गाउँसभाले नगर प्रहरीको दरबन्दी सिर्जना गर्न सक्नेछ र सो दरबन्दीमा आवश्यकतानुसार पदपूर्ति गरिनेछ।

(४) उपदफा (३) बमोजिम थप दरबन्दी सिर्जना गर्नु अघि सो पद सिर्जना गर्नको कारण, कार्यबोझ, कार्यको प्रकृति, आवश्यकता र औचित्यका आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी गर्नु पर्नेछ।

(५) नगर प्रहरी सेवामा रहने नगर प्रहरी कर्मचारीहरूको तह र श्रेणी अनुसारको सङ्ख्या गाउँसभाले निर्धारण गरी स्वीकृत गरेबमोजिम हुनेछ।

(६) गाउँपालिकाले नगर प्रहरीको प्रत्येक पदका लागि कार्य विवरण तोक्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गर्नेछ।

(७) नगर प्रहरी सङ्गठन समावेशी स्वरूपको हुनेछ।

## परिच्छेद-३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**७. नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकारः** (१) कार्यपालिका, वडा समिति, सम्बद्ध शाखा तथा गाउँपालिकाका पदाधिकारी तथा अधिकार प्राप्त अधिकारीको निर्णय तथा निर्देशन कार्यान्वयन गर्नु नगर प्रहरीको प्रमुख कर्तव्य हुनेछ। नगर प्रहरीको काम, कर्तव्य र अधिकारको विस्तृत विवरण देहायबमोजिम रहनेछः

(क) गाउँपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा र संरक्षण गर्ने।

(ख) गाउँपालिका क्षेत्रभित्र हुने सभा, समारोह, परम्परा तथा जात्रा र चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने।

(ग) बजार तथा सवारी पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने।

(घ) गाउँपालिकाको सरसफाई सम्बन्धी अनुगमन, नियमन तथा कारबाही गर्ने।

(ङ) गाउँपालिकाबाट न्यायिक रोहमा भएका मिलापत्र तथा निर्णय कार्यान्वयन गर्ने।

(च) सार्वजनिक, ऐलानी, पर्ती, बगैचा, नदी उकास, नदी किनार, नदी करिडोर, सार्वजनिक गल्ली, चोक, गुम्बा, मठमन्दिर, पाटीपौवा, पोखरी, ढुङ्गेधारा, कुवा, सार्वजनिक भवन, बाटो, निकास, चौर, खेलमैदान, कुलो, नहर, अन्त्यष्टीस्थल, धार्मिकस्थल, पूरातात्विक महत्वका सम्पदा आदिको संरक्षण र सुरक्षण गर्ने।

(छ) विपद् व्यवस्थापनसम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्थापना सम्बन्धी कार्य गर्ने।

(ज) अनधिकृत बाह्य विज्ञापन तथा होर्डिङबोर्ड नियन्त्रण तथा कारबाही गर्ने।

(झ) छाडा पशु चौपायाको नियन्त्रण तथा व्यवस्थापन गर्ने।

(ञ) सम्बन्धित शाखा र वडा कार्यालयको समन्वयमा भवन निर्माण अनुमति इजाजत नलिई निर्माण भएका भवनजन्य संरचना र अनाधिकृत निर्माण नियन्त्रण, सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने।

(ट) फोहरमैला व्यवस्थापनमा अनुगमन, नियमन, नियन्त्रण तथा कारबाही सम्बन्धी कार्य गर्ने।

(ठ) सार्वजनिक आवागमनमा बाधा पुग्ने गरी राखिएका निर्माण सामग्री हटाउने।

(ड) स्वास्थ्यका लागि हानिकार चिज, अखाद्य तथा सडेगलेको खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउन सहयोग गर्ने।

(ढ) अधिकार प्राप्त अधिकारीको निर्णय र आदेश बमोजिम खतरा उत्पन्न हुने रुख काट्न लगाउने, घर पर्खाल भए भत्काउन लगाउने।

(ण) वडा समितिसँगको समन्वयमा टोल विकास संस्था, युवा समूह, महिला समूह तथा सामुदायिक/नेपाल प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने।

(त) गाउँपालिकाको विभिन्न तहबाट भएका निर्णय, स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन सहयोग गर्ने।

(थ) राजस्व शाखासँगको समन्वयमा करदातालाई कर तिर्न सहजीकरण गर्ने।

(द) विना इजाजत पेशा व्यवसाय सञ्चालन गरेको पाइएमा त्यस्ता पेशा व्यवसायको दर्ता/नवीकरण गर्न सहजीकरण गर्ने।

(ध) गाउँपालिका क्षेत्रमा भित्तेलेखन, तुल, व्यानर तथा पोष्टर टाँस्न प्रतिबन्ध लगाउने निर्णय कार्यान्वयन गर्ने।

(न) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा अनुमति नलिई गरिने जादु, सर्कस, जुवा लगायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने।

(प) पर्यावरणमा असर पर्ने सबै किसिमका प्रदुषण नियन्त्रण गर्ने।

(फ) वातावरणलाई असर पर्ने खालका प्लाष्टिकजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्ने।

(ब) सार्वजनिक स्थलमा धुम्रपान, मादक पदार्थ सेवन तथा सुर्तिजन्य पदार्थको प्रयोगलाई नियन्त्रण गर्ने।

(भ) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका होटल, रेष्टुरेण्ट, लउन्ज, रेष्ट्रो, बार र क्लवमा बालबालिकाको उपयोग तथा सहभागितालाई निषेध गर्ने तथा ती स्थानहरूमा सामाजिक विकृतिजन्य कार्य नियन्त्रण गर्न अन्य सुरक्षा निकायसँग समन्वय गरी कार्य गर्ने/गराउने।

(म) सवारी साधनबाट हुने वायु तथा ध्वनि प्रदुषण नियन्त्रणमा सहजीकरण गर्ने।

(य) धुवाँ, प्रकाश, ध्वनि अथवा अन्य कुनै कारणले सार्वजनिक रूपमा बाधा पुग्ने गरी व्यवसाय, उद्योगधन्दा वा कार्यक्रम चलाउन रोक लगाउने कार्यमा सहयोग गर्ने।

(र) गाउँपालिकाले तोकेको अन्य कार्य गर्ने, गराउने।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन गर्दा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडा अध्यक्ष र शाखा प्रमुखसँग समेत आवश्यकता अनुसार समन्वय गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ।

(३) नगर प्रहरीको ड्युटीको खटन-पटन तथा अन्य जिम्मेवारीको बाँडफाँट गाउँ कार्यपालिकले तोकेबमोजिम प्रमुख प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

(४) कार्यालयले तोकेको जुनसुकै समयमा पनि उपस्थित भई काम गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ।

(५) प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको हाजिरी, बिदा तथा ड्युटी अभिलेख अद्यावधिक गरी राख्नेछ।

## परिच्छेद-४

## तह विभाजन र पदपूर्ति सम्बन्धी व्यवस्था

**८. स्थायी पद सिर्जना तथा दरबन्दी खारेजः** (१) नगर प्रहरी सेवाको लागि आवश्यक पर्ने विभिन्न तहका दरबन्दीहरूको सिर्जना र आवश्यक नपर्ने दरबन्दीको खारेजी गाउँसभाले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरबन्दीको सिर्जनाका लागि प्रस्ताव पेस गर्नु भन्दा अघि सो पद सिर्जना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरूपमा पार्ने प्रभाव समेत स्पष्ट खुलाई कार्यपालिका मार्फत गाउँसभामा पेस गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नगर प्रहरी सेवाअन्तर्गत रहेको कुनै दरबन्दी खारेज गर्नु परेमा खारेज गर्नु पर्नाको कारण स्पष्ट खुलाई कार्यापालिका मार्फत गाउँसभामा पेस गर्नु पर्नेछ।

**९. नगर प्रहरी सेवामा शुरु नियुक्ति हुने पदहरूः** नगर प्रहरी सेवामा रहने देहायका पदहरूको पूर्ति साधारणतया खुल्ला प्रतियोगिताद्वारा हुनेछः

(क) नगर प्रहरी सहायक निरीक्षक

(ख) नगर प्रहरी जवान

(ग) नगर प्रहरी सहयोगी

**१०. नियुक्ति गर्ने अधिकारीः** नगर प्रहरीको नियुक्ति पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

**११. पदपूर्ति सम्बन्धी व्यवस्थाः** (१) नगर प्रहरी कर्मचारीहरूको लागि लिइने करार सेवाको पदमा शतप्रतिशत समावेशिताको सिद्धान्तको आधारमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।

(२) नगर प्रहरीको नियुक्तिका लागि आवश्यक पर्ने शारीरिक तन्दुरूस्ती, अन्तरवार्ताको विधि, परीक्षाको पाठ्यक्रम तथा परीक्षा प्रणाली सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम पदपूर्ति समितिले तय गरेबमोजिम हुनेछ।

(३) गाउँपालिकाद्वारा खुल्ला प्रतियोगिताबाट पदपूर्ति गरिने पदमा नियुक्ति गर्दा गाउँपालिकाभित्र स्थायी बसोबास भएका उम्मेदवारको हकमा निश्चित अंकभार छुट्याउन सकिनेछ।

**१२. नगर प्रहरीको न्यूनतम योग्यता तथा अयोग्ताः** (१) खुल्ला प्रतियोगिताद्वारा नियुक्त हुने नगर प्रहरी सेवाको विभिन्न पदमा उम्मेदवार हुन न्यूनतम शैक्षिक योग्यता र अन्य योग्यता देहायबमोजिम हुनेछः

(क) नगर प्रहरी सहयोगी पदको लागि साधारण लेखपढ गर्न जान्ने र १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

(ख) नगर प्रहरी जवान पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उत्तिर्ण गरेको र १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। तर खुल्ला प्रतियोगितामा भाग लिने बहालवाला नगर प्रहरी/नेपाली सेना/नेपाल प्रहरी वा सेवा निवृत्त वा राजिनामा दिई उपदान सुविधा लिएका सैनिक/प्रहरीको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

(ग) नगर प्रहरी हवल्दार पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट १० कक्षा उत्तिर्ण गरेको र १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ। तर बहालवाला नगर प्रहरी वा सेवा निवृत्त तथा राजिनामा दिई उपदान सुविधा प्राप्त सैनिक/प्रहरीका हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

(घ) नगर प्रहरी सहायक निरीक्षक पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ। तर बहालवाला नगर प्रहरी वा सेवा निवृत्त तथा राजिनामा दिई उपदान सुविधा प्राप्त सैनिक/प्रहरीको हकमा ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

(ङ) नगर प्रहरी हवल्दार र नगर प्रहरी सहायक निरीक्षकको रिक्त पदमा आन्तरिक प्रतिस्पर्धा तथा नयाँ नियुक्तिद्वारा पदपूर्ति हुने पदको उम्मेदवार हुन सोभन्दा एक तह मुनिको पदमा न्यूनतम तीन वर्ष सेवा अवधि पूरा भएको हुनु पर्नेछ।

(च) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(छ) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको।

(ज) मानवअधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको।

(झ) महिलाहरुको लागि घटीमा ४.५ फिट र पुरुषको लागि घटीमा ५ फिट उचाई भएको।

(ञ) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

(ट) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

(ठ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको।

(ड) नेपाली नागरिकता प्रमाणपत्र पाएको।

तर माथि उल्लेखित बुंदा नं. (क), (ख) र (ग) बमोजिमका पदमा नियुक्त गर्दा नेपाल प्रहरी एवं नेपाली सेनाबाट निवृत्त भएका वा उपदान सेवा लिई राजिनामा गरेका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिइनेछ।

(२) देहायको अवधिभर नगर प्रहरी कर्मचारी आन्तरिक प्रतिस्पर्धाका लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैनः

(क) निलम्बन भएमा निलम्बन भएको अवधिभर,

(ख) आन्तरिक प्रतिस्पर्धा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) बहाल रहेको पदमा तीन पटकभन्दा बढी नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

(३) देहायको व्यक्ति नगर प्रहरी सेवामा नियुक्त हुन अयोग्य मानिनेछः

(क) गैरनेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएको व्यक्ति,

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको व्यक्ति,

(घ) अदालतबाट मानव अधिकार वा मानवीय कानुनको उल्लंघनमा कसूरदार ठहरिएको व्यक्ति।

**१३. पदपूर्ति समितिः** (१) नगर प्रहरीको खुल्ला तथा आन्तरिक प्रतिस्पर्धाद्वारा पदपूर्ति हुने पदको लागि देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| (ख) अध्यक्षले तोकेको एकजना सुरक्षा विज्ञ | -सदस्य |
| (ग) कर्मचारी प्रशासन शाखा प्रमुख | -सदस्य सचिव |

स्पष्टिकरणः- खण्ड (ख) को प्रयोजनको लागि सुरक्षा निकायको प्रहरी निरीक्षक वा सो सरहको पद वा सो भन्दा माथिको पदमा बहाल रहेको वा अवकाश प्राप्त सुरक्षाकर्मी मध्येबाट तोक्न सकिनेछ।

**१४. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः** (१) नगर प्रहरी कर्मचारीको पदपूर्तिको सिलसिलामा पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) खुल्ला र आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट हुने पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने।

(ख) पदपूर्ति कार्यतालिका बनाउने।

(ग) परीक्षाको किसिम तोक्ने।

(घ) पदपूर्तिका लागि सूचना प्रकाशित गर्ने।

(ङ) शारीरिक तन्दुरूस्ती परीक्षा सञ्चालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने।

(च) नियुक्तिका लागि सिफारिस गर्ने।

(छ) नगर प्रहरी सेवाको पदमा नियुक्ति र आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट नियुक्ति गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त अनुसार पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने।

**१५. योग्यताक्रम सूची तयार गर्नेः** (१) उम्मेदवारहरूले दिएको लिखित परीक्षा, शारीरिक तन्दुरूस्ती र अन्तर्वार्तामा प्राप्त गरेको अङ्क समेतको आधारमा योग्यताक्रम सूची तयार गरी नियुक्तिका लागि सिफारिस गर्ने।

(२) उपदफा (१) बमोजिम पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस गर्दा कूल रिक्त पदको बढीमा पन्ध्र प्रतिशतसम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवार राख्नु पर्नेछ।

(३) वैकल्पिक उम्मेदवारले छ महिनासम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

(४) उपदफा (१) बमोजिम नियुक्तिका लागि सिफारिस गरिएका उम्मेदवारलाई सिफारिस भएको मितिले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनु पर्नेछ।

**१६. ज्येष्ठताक्रम कायम गर्नेः** (१) खुल्ला प्रतियोगिताबाट पदपूर्ति भएका नगर प्रहरी सेवाअन्तर्गतका विभिन्न पदहरूमा रहने नगर प्रहरीहरूको जेष्ठताक्रम कायम गर्दा निजहरूले आधारभूत तालिममा प्राप्त गरेको अङ्क र शैक्षिक योग्यतालाई आधार मानी ज्येष्ठता कायम गरिनेछ।

(२) आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ति भएका बहालवाला नगर प्रहरीको हकमा पदपूर्ति समितिले सिफारिस गरेको योग्यताक्रमलाई नै ज्येष्ठताको क्रम मानिनेछ।

**१७. परीक्षण कालमा राखिनेः** (१) नयाँ नियुक्ति हुने नगर प्रहरी कर्मचारीलाई एक वर्षको परीक्षण कालमा राखिनेछ। सो अवधिमा त्यस्तो नगर प्रहरी कर्मचारीले सन्तोषजक काम नगरेमा प्रमुख प्रशासकीय अधिकृतले थप छ महिना परीक्षण कालमा राख्न सक्नेछ। महिला नगर प्रहरी कर्मचारीको हकमा छ महिना मात्र परिक्षण काल रहनेछ भने तीन महिना परिक्षण काल थप गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम थप भएको परीक्षणकालमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले कारण खुलाई पर्चा खडा गरी अवकाश दिन सक्नेछ।

**१८. नियुक्ति बदर हुने अवस्थाः** (१) नियुक्ति गर्ने अधिकारीले देहायको अवस्थामा नगर प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछः

(क) परीक्षणकालमा जिम्मेवारी वहन गर्न असक्षम देखिएमा वा आचरण सन्तोषजनक नभएमा,

(ख) नगर प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिमको मौका दिंदा समेत सफल हुन नसकेमा,

(ग) यस ऐन बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा।

**१९. नियुक्ति सदरः** (१) परीक्षण कालमा रहेका नगर प्रहरीले तोकिएको आधारभूत तालिममा उत्तीर्ण भई नेपालको राष्ट्रिय झण्डा र गाउँपालिकाको झण्डा छुवाई शपथ ग्रहण गराए पश्चात प्रमुख प्रशासकीय अधिकृतबाट नियुक्ति सदर हुनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्ति सदर भएमा परीक्षणकालको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ।

**२०. पदाधिकार कायम रहनेः** देहायको अवस्थामा नगर प्रहरीको आफ्नो पदाधिकार कायमै रहनेछः

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) बिदामा बसेको अवधिभर,

(ग) निलम्बनमा रहेको अवधिभर,

(घ) गाउँपालिकाद्वारा तोकिएको अन्य कार्य गरूञ्जेलको अवधिभर,

(ङ) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर।

**२१. विशेष प्राथमिकता दिइनेः** यस ऐन बमोजिम कार्यरत शैक्षिक योग्यता पुगेका नगर प्रहरीलाई माथिल्लो तहमा करार बमोजिम नियुक्ति गर्दा निजले तल्लो पदमा रही कार्य गर्दाको कार्य सम्पादन मूल्याङ्कन, ज्येष्ठता र दक्षताको मूल्याङ्कन र तालिममा प्राप्त गरेको अङ्कलाई विशेष प्राथमिकता दिइनेछ।

## परिच्छेद-५

## नगर प्रहरीको आचरण सम्बन्धी व्यवस्था

**२२. दान उपहार लिन नहुनेः** गाउँपालिकाको काममा असर पर्न सक्ने गरी नगर प्रहरी र निजको परिवारका सदस्य समेतले गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघसंस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, उपहार, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुँदैन।

**२३. चन्दा लिन नहुनेः** कुनै नगर प्रहरीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

**२४. स्वीकृति विना अचल सम्पत्ति खरिद गर्न नहुनेः** गाउँपालिकालाई पूर्व सूचना नदिई नगर प्रहरीले आफ्नो बसोबासको निमित्त आवश्यकपर्ने बाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुँदैन। गाउँपालिकाको स्वीकृति लिएर भने खरिद गर्न सक्नेछ।

**२५. सम्पत्तिको विवरण दिनुपर्नेः** हाल बहालमा रहेको नगर प्रहरीले यो ऐन लागु भएको तीन महिनाभित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिनाभित्र गाउँपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नुपर्ने छ।

(क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण।

(ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जबाहरत, सुन, चाँदीको अन्दाजी मूल्य।

(ग) खण्ड (क) बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ।

(घ) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिनाभित्र दिनु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ।

२६. **व्यापार व्यवसाय गर्न नहुनेः** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृतिविना देहायका काम गर्नु हुँदैनः

(क) कुनै व्यापार गर्न,

(ख) कुनै फर्मको हिस्सेदार हुन र

(ग) कुनै व्यवसाय चलाउन।

२७. **गाउँपालिकाको काममा थाहा पाएका कुराहरू प्रकाशन गर्न नहुनेः** नगर प्रहरीले गाउँपालिकाद्वारा अथवा विशेष रूपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय निकाय वा गैह्रसरकारी संघसंस्थाबाट प्राप्त गरेको वा आफैंले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरु अनाधिकृत नगर प्रहरीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुँदैन।

२८. **रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः** नगर प्रहरीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्वारा प्रसारण गर्न हुँदैन। तर, यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृति लिईरहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्नेछ।

२९. **गाउँपालिकाको आलोचना गर्न हुँदैनः** नगर प्रहरीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीति, कानुन वा निर्णयको विरूद्धमा हुने गरी अथवा गाउँपालिका र गाउँपालिकाबासीको आपसी सम्बन्धमा खलल पुग्ने गरी भाषण वा सम्वाद गर्न र लेख रचना प्रकाशन गर्नु हुँदैन।

३०. **निर्वाचनमा भाग लिन नहुनेः** नगर प्रहरीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन। तर, कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनबमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन।

३१. **राजनीतिमा भाग लिन नहुनेः** नगर प्रहरीले कुनै राजनैतिक संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था, भातृ संगठनको सदस्य हुन वा जुनसुकै किसिमको आन्दोलनलाई कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन।

३२. **समय पालन र नियमितताः** नगर प्रहरीले ठीक समयमा तथा नियमित रूपमा आफ्नो पालोमा कार्यालयमा हाजिर हुनु पर्दछ र साधारणतया पहिले बिदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन।

३३. **अनुशासन र आज्ञापालनः** (१) नगर प्रहरीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्नेछ।

(२) नगर प्रहरीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकताकासाथ पालन गर्नुपर्नेछ।

(३) नगर प्रहरीले आफूभन्दा माथिका सबै अधिकृतहरूप्रति उचित आदर देखाउनु पर्नेछ।

(४) गाउँपालिकाले नगर प्रहरीको लागि तोकेको पोशाक लगाउनु प्रत्येक नगर प्रहरीको कर्तव्य हुनेछ।

**३४. बाहिरी प्रभाव पार्न नहुनेः** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन।

**३५. बहुविवाह, बालविवाह, अनमेल विवाहमा प्रतिबन्धः** नगर प्रहरीले मुलुकी देवानी संहिता तथा प्रचलित कानुन विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन।

**३६. सामाजिक सञ्जालको प्रयोग गर्न प्रतिबन्धः** नगर प्रहरीले गाउँपालिकाको काम कारबाही वा कुनै पदाधिकारी वा जुनसुकै तहको सरकारको नीति, कानुन वा निर्णयको आलोचना गर्ने वा भ्रम सिर्जना हुने किसिमको शब्द, वाक्य, चित्र वा कुनै इमेज पोष्ट गर्न हुँदैन। तर, गाउँपालिकाको नीति, कानुन वा कार्यक्रमको प्रचार प्रसार हुने गरी कुनै व्यहोरा सामाजिक सञ्जालमा प्रविष्ट गर्न भने यस दफाले प्रतिबन्ध लगाएको मानिने छैन।

**३७. जुवा तास खेल्न तथा खेलाउन नहुनेः** नगर प्रहरीले कार्यालय समय, कार्यालय परिसर र कार्यालयको पहिरनमा रहेको वा नरहेको अवस्थामा समेत जुवा तास खेल्ने, खेलाउने वा खेल्न दुरुत्साहन गर्ने वा नगर प्रहरीको व्यावसायिक प्रतिष्ठामाथि आँच आउने किसिमका कुनै पनि कार्य गर्नु गराउनु हुँदैन।

**३८. अन्य आचरणसम्बन्धी व्यवस्थाः** नगर प्रहरीले यस ऐनमा उल्लेख गरेका आचरणसम्बन्धी व्यवस्थाको अतिरिक्त प्रचलित कानुनले गरेका आचरण सम्बन्धी व्यवस्था समेत परिपालना गर्नुपर्नेछ।

## परिच्छेद-६

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

**३९. सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछः-

(क) सामान्य सजायः-

(१) सचेत गराउने।

(२) शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने।

(३) नसिहत दिने।

(४) दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुई वर्षदेखि पाँच वर्षसम्म तलब वृद्धिसम्म रोक्का गर्ने।

(५) पदीय दायित्व पालना गर्ने सिलसिलामा लापरवाही गरी गाउँपालिकालाई हानी नोक्सानी पुर्याएमा भएको हानी नोक्सानीको सम्पूर्ण वा आंशिक रूपमा तलब भत्ताबाट कट्टी गरी असुल गर्ने।

(६) तल्लो तहमा घटुवा गर्ने।

(ख) विशेष सजायः-

(१) भविष्यमा गाउँपालिकाको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने।

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने।

**४०. सचेत गराउने, नसिहत दिने वा प्रतिकुल राय लेख्नेः** नगर प्रहरीले काममा साधारण लापरवाही गरेमा सचेत गराउने वा नसिहत दिन सक्नेछ। दुई पटकसम्म सचेत गराउँदा वा नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकुल राय लेखी निजको व्यक्तिगत फाइलमा अभिलेखन गरिनेछ।

**४१. दर्जा र तलब घटाउने वा सेवा सुविधा र आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन रोक्का गर्नेः** नगर प्रहरी कर्मचारीको देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा घटुवा गर्न सक्ने र गाउँपालिकालाई हानि नोक्सानी पुर्याएकोमा सो समेत निजबाट भराउन र सेवा सुविधा र आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन रोक्का गर्न सक्नेछः

(क) सन्तोषजनक काम नगरेमा।

(ख) अनुशासनहिन कार्य गरेमा।

(ग) पदीय आचरण उल्लंघन गरेमा।

(घ) नोकरीबाट अलग हुन झुठ्ठा कारण पेस गरेमा।

(ङ) आफूभन्दा माथिल्लो कर्मचारीले दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा।

(च) मनासिव कारण नभई वा बिदा नलिई बिदा बसेमा वा गैरहाजिर भएमा।

**४२. नोकरीबाट बर्खास्त गर्नेः** (१) देहायको अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी नोकरीबाट अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गर्न सक्नेछः

(क) राजनीतिमा भाग लिएमा वा राजनीतिक दलको सदस्यता लिएमा वा निर्वाचनमा उम्मेदवार भएमा।

(ख) सरकारवादी हुने फौजदारी मुद्दामा कैदको सजाय पाई मुद्दा अन्तिम फैसला भएमा।

(ग) बिदा स्वीकृत नगराई लगातार तीस दिन ड्युटीमा अनुपस्थित भएमा।

(घ) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरा गर्न नसकेमा।

(ङ) आचरण सम्बन्धी नियमहरू पटक पटक उल्लंघन गरेमा।

(च) पटक पटक अनुशासनहिन काम गरेमा।

(२) देहायको अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई भविष्यमा नोकरीबाट अयोग्य ठहरिने गरी सेवाबाट सेवाबाट बर्खास्त गर्न सक्नेछः

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा।

(ख) भ्रष्टचार गरेको ठहर भएमा।

(ग) विदेशी मुलुकको स्थायी आवसीय अनुमित लिएमा वा अस्थायी अनुमति लिनको लागि आवेदन गरेमा।

(घ) नोकरी वा आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट नियुक्ति पाउनका लागि नागरिकता, उमेर र योग्यता ढाँटेको प्रमाणित भएमा।

(ङ) बहुविवाह गरेको प्रमाणित भएमा।

**४३. सजाय दिने अधिकारीः** नगर प्रहरी कर्मचारीलाई कारबाही गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

**४४. सजाय सम्बन्धी कार्यविधिः** (१) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको व्यहोरा उल्लेख गरी हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेस गर्ने मौका दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना दिँदा लगाइएका आरोप स्पष्ट रूपले किटिएको हुनुपर्नेछ। त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले १५ दिनभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेस गर्ने मौका दिनु पर्नेछ। तर देहायको अवस्था विद्यमान भएमा सफाइ पेस गर्ने मौका दिइने छैनः

(क) भागी ठेगाना पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरीको हकमा।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भई अन्तिम फैसला भएको नगर प्रहरी कर्मचारीको हकमा।

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गर्न/गराउन सक्नेछ। जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार प्रमाण संकलन गरी सम्बन्धित नगर प्रहरी कर्मचारीलाई समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ।

(४) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचबुझ समाप्त नभइञ्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ। तर यस्तो निलम्बनको अवधि ३ महिनाभन्दा बढी हुनेछैन।

(५) उपदफा (४) बमोजिम निलम्बन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको आधा रकम भुक्तानी दिइनेछ।

(६) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ। तर,

(क) निलम्बनमा रहेको कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको आधा तलब पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलब वृद्धि हुने भएमा सो समेत) पाउने छ। कसुरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन।

(ख) कुनै कर्मचारी गाउँपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारबाहीको सिलसिलामा निलम्बन भएको नभई अरु नै कारणबाट निलम्बन रहन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन।

**४५. सजायको आदेश दिनेः** जाँचबुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ।

**४६. सेवाको अन्त्य गर्नेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त्य गर्नुपर्दा दफा ४४ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछैन।

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुँदै

(ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहर्याएमा।

**४७. पुनरावेदनको कार्यविधिः** (१) प्रमुख प्रशासकीय अधिकृतले सजाय दिएको हकमा अध्यक्ष समक्ष र अध्यक्षले दिएको सजायको हकमा जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

(२) दफा ४२ अन्तर्गत दिइएको सजायमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनु पर्नेछ।

(३) पुनरावेदन गर्ने व्यक्तिले आफ्नो सफाइको निमित्त प्रमाण सहित पुनरावेदन पेस गर्दा शिष्ट भाषामा लेखिएको हुनु पर्नेछ। पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ।

(४) पुनरावेदन दिँदा पुनरावेदन दिने व्यक्ति जुन कार्यालयको हो सोही कार्यालय प्रमुख वा जसको आदेशको विरुद्ध पुनरावेदन गरिएको छ सो अधिकारी मार्फत दिनुपर्नेछ।

(५) सजायको सूचना पाएको पैंतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ।

(६) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद-७

## तलब, भत्ता र उपचार खर्च सम्बन्धी व्यवस्था

**४८. तलब भत्ताः** नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मितिदेखि तलब भत्ता पाउने छ। तलब र राशन भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई कार्यपालिकाले तोके अनुसार हुनेछ।

**४९. टाइम स्केलः** (१) टाइम स्केलअनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यतः स्केलमा उल्लेखित न्यूनतम तलब पाउने छ। तर अख्तियारवालाले कारणसमेत जनाई लिखित अनुरोध गरेमा गाउँपालिकाले निजको प्रारम्भिक तलबलाई टाइम स्केलभित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ। असाधारण योग्यता भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ।

**५०. तलब वृद्धिः** देहायको अवस्थामा बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले एक वर्ष सेवा पूरा गरेपछि एक ग्रेडवृद्धि पाउनेछः

(क) परीक्षणकाल,

(ख) कायम मुकायम र

(ग) तलब वृद्धि रोक्का।

तर नियुक्ति सदर भएपछि नगर प्रहरी कर्मचारीहरुको परीक्षणकालमा रहेको अवधिसमेत तलब वृद्धिको निमित्त जोडिनेछ।

(घ) कार्यालयमा गैर-हाजिर रही विभागीय कारबाही शुरु गरिएको वा कारबाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको नगर प्रहरी कर्मचारीले भने आफू अनुपस्थित रहेको मितिदेखिको तलब, भत्ता र रासन पाउने छैन।

**५१. उपचार खर्चः** (१) कुनै नगर प्रहरी कर्मचारी नियमित कार्य सम्पादनको सिलसिलामा बिरामी भएमा औषधि उपचारको लागि देहाय बमोजिम भएको खर्चको रकम गाउँपालिकाले उपचार खर्चवापत दिनेछः

(क) अस्पताल भर्ना भई वा नभई उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदानसहतिको प्रेश्क्रिप्शनबमोजिम खरिद गरेको औषधि खर्च।

(ख) प्लाष्टिक सर्जरी वा निजी नर्सिङ्ग होममा गरेको चिरफार(सर्जिकल अपरेशन) बाहेक सबै किसिमको चिरफार गर्दा लागेको बिल बमोजिमको खर्च।

(ग) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधि उपचार गराउँदा त्यस्तो स्थान पुग्दाको र फर्कदाको बिरामीको र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवासम्मको यातायात खर्च रकम र खाना खर्चवापत निज बिरामी नगर प्रहरी कर्मचारीको नियमानुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारीको सेवा अवधिभरमा स्थायी प्रहरी कर्मचारीहरुले १८ महिना बराबरको तलब रकमसम्म मात्र उपचार खर्च दिइनेछ।

तर कार्यालयको कामको सिलसिलामा चोटपटक लाग्न गई घाइते भएको नगर प्रहरीको उपचारमा लाग्ने सम्पूर्ण खर्च वा नेपाल राज्यभित्र औषधि उपचार हुन नसक्ने भनी नेपाल सरकारद्वारा नियुक्त मेडिकल बोर्डले सिफारिस गरेको नगर प्रहरी कर्मचारीले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई गाउँपालिकाले उपचार खर्च र एक जना बिरामी कुरुवाको खर्च समेत उपलब्ध गराउनेछ।

(३) यस ऐन बमोजिम पाउने उपचार खर्च कुनै नगर प्रहरी कर्मचारीले पेश्कीको रुपमा लिन चाहेमा मनासिब देखिए उपदफा (२) को अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की दिन सक्नेछ।

(४) झुट्टा व्यहोरा पेस गरी ऐन बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने नगर प्रहरी कर्मचारीलाई विभागीय कारबाही गरिनेछ। त्यसरी उपचार खर्च लिई सकेको भए सो रकमसमेत त्यस्तो नगर प्रहरी कर्मचारीबाट असुल उपर गरिनेछ।

## परिच्छेद-८

## निमित्तसम्बन्धी व्यवस्था

**५२. निमित्त भई काम गर्ने व्यवस्थाः** (१) एक महिना ननाघ्ने गरी कुनै कारणले प्रहरी सहायक निरीक्षक अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा सिनियर नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ।

**५३. एक पदमा एक व्यक्तिमात्र कामय मुकाय वा कार्यवाहक हुनेः** कुनै एक पदमा एक समयमा एकभन्दा बढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन।

**५४. काम गरेको अवधिको तलब भत्ताः** (१) कुनै पदमा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र राशन पाउने छ। तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र रासन दिइने छैन र पन्ध्र दिन बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पूरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता र राशन दिइने छ।

## परिच्छेद-९

## तालिम

**५५. तालिमको व्यवस्थाः** नगर प्रहरीलाई कुशल एवम् दक्ष बनाउन गाउँपालिकाले तोकिए बमोजिमको तालिम सञ्चालन गर्नेछ।

**५६. तालिमको अनिवार्यताः** (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरीलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ। तालिममा सहभागी हुने नगर प्रहरीले लापरवाही देखाएमा वा व्यवसायिक ज्ञानप्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको खण्डमा सो व्यहोरा अभिलेखमा जनाइनेछ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरूलाई पुनः एकपटक तालिमको मौका दिइनेछ। त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा घटुवा गर्न वा सेवाबाट हटाउन सकिनेछ।

**५७. तालिमको पाठ्यक्रमः** विभिन्न तालिमहरूको पाठ्यक्रम तयार गर्न नगर प्रहरी सहायक निरीक्षक समेत रहने एक समितिको गठन हुनेछ।

**५८. प्रशिक्षार्थीले पाउने सुविधाः** (१) गाउँपालिका बाहिरका प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलितकानुन बमोजिमहुनेछ।

(२) रासन पाउने नगर प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरीले पाए सरह रासन भत्ता उपलब्ध गराइनेछ।

**५९. तालिम सफल भएमाः** (१) देहायको तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछः

(क) नगर प्रहरी सहायक निरीक्षक (आधारभूत) तालिममा सफल भएका र परीक्षणकालमा रहेका नगर प्रहरी सहायक निरीक्षकहरु करारमा नियुक्तिका लागि सामान्यतया योग्य हुनेछन्।

(ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा करार सेवामा नियुक्तिको लागि योग्य हुनेछन्।

(२) उपदफा (१) मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न पदपूर्ति समितिले ठहर्याए बमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ।

**६०. प्रारम्भिक पोशाकः** नयाँ भर्ना हुने नगर प्रहरी सहायक निरीक्षक तथा जवानहरुलाई गाउँपालिकाबाट स्केल बमोजिमको प्रारम्भिक पोशाक वितरण गरिनेछ।

**६१. तालिममा सामेल गराउने संख्याः** नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा बाधा नपर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले तालिम लिन नगर प्रहरी कर्मचारीहरु तोक्नेछन्।

**६२. प्रशिक्षण भत्ताः** राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ।

**६३. अतिथि प्रशिक्षकहरुको पारिश्रमिकः** अतिथि प्रशिक्षकहरूको पारिश्रमिक कार्यपालिकाले तोकिए बमोजिम हुनेछ।

**६४. आन्तरिक तालिमः** एकैपटक नियुक्ति भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ।

## परिच्छेद-१०

## पोशाक सम्बन्धी व्यवस्था

**६५. नगर प्रहरी पोशाकः** नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**६६. पोशाक, सामान तथा उपकरणः** प्रत्येक नगर प्रहरी कर्मचारीलाई तोकेबमोजिमको पोशाक, सामान तथा उपकरण उपलब्ध गराइनेछ।

**६७. मौसम अनुसारको पोशाकः** नगर प्रहरी कर्मचारीलाई मौसम अनुसार तोकिएको पोशाक उपलब्ध गराइनेछ।

**६८. तयारी पोशाक वितरण गर्न नसकिएमा दिइने सुविधाः** नगर प्रहरी कर्मचारीलाई तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दररेट बमोजिम सिलाई ज्याला दिइनेछ।

**६९. नगर प्रहरीको पोशाक सट्टा भर्नाः** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा निजले पेस गरे बमोजिमको सट्टा गरी नयाँ दिइनेछ।

## परिच्छेद-११

## बिदा सम्बन्धी व्यवस्था

**७०. बिदा अधिकारको रूपमा नहुनेः** (१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दावी गर्न पाउने छैन।

(२) कामको अनुकूलता हेरी बिदा दिने अधिकारीले आफ्नो तजबीजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ। साथै आवश्यक परेमा बिदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्ध गरी बोलाई काम लगाउन सक्नेछ।

(३) बिदाको किसिमहरूः नगर प्रहरी कर्मचारीहरुले देहाय बमोजिमका बिदा पाउनेछन्।

(क) भैपरी आउने र पर्व बिदा

(ख) किरिया बिदा

(ग) प्रसूति बिदा

(घ) सट्टा बिदा

(ङ) प्रसूति स्याहार बिदा

(च) बिरामी बिदा

**७१. बिदा स्वीकृत नगराई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनेः** (१) यस ऐन बमोजिम बिदा स्वीकृत नगराई घर बस्ने प्रहरी कर्मचारी कार्यालयमा हाजिर हुन पाउने छैन।

(२) उपदफा (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई गाउँपालिकाको कार्यालयले सेवाबाट हटाउन सक्नेछ। तर बिदाको निकास नहुँदै बिदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि बिदाको निवेदन गरी सो स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मनिने छैन।

**७२. भैपरी आउने/पर्व विदाः** (१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी आउने/पर्व बिदा पाउने छ।

(२) भैपरी आउने/पर्व बिदा साधारणतयः एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ।

(३) भैपरी आउने/पर्व बिदा एक सालको अर्को सालमा लिन पाइने छैन।

(४) बिदा बस्नु परेमा कुनै प्रहरी कर्मचारीले बिदाको स्वीकृति लिई रहन नभ्याएमा बिदा बसेपछि स्वीकृत गराए पनि हुन्छ।

(५) भैपरी आउने/पर्व बिदा बसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलब, भत्ता, रासन पाउनेछ।

(६) भैपरी आउने/पर्व बिदा शनिवार बाहेक अरु बिदाहरुसँग मिलाई लिन पाइने छैन।

**७३. किरिया बिदाः** (१) नगर प्रहरी कर्मचारी आफैं किरियामा बस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया बिदा पाउने। यस्तो बिदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया बस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिइनेछ।

(२) यस्तो किरिया बिदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

**७४. प्रसूति बिदाः** (१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसूति बिदा पाउनेछ।

(२) प्रसूति बिदा बस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

(३) प्रसूति बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै गाउँपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ।

(४) उल्लेख भएअनुसारको बिदाको अभिलेख कार्यालयले अध्यावधिक राख्नुपर्नेछ।

**७५. प्रसूति स्याहार बिदाः** (१) प्रसूति स्याहार बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै गाउँपालिकाले दिईएको थप सुविधा उपभोग गर्न पाउने छ।

(२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन सक्नेछ। यो बिदा सेवा अवधिमा दुई पटकसम्म पाउनेछ।

(३) प्रसूति स्याहार बिदामा बस्ने कर्मचारीले पूरा तलब, भत्ता र रासन पाउनेछ।

(४) प्रसूति स्याहार बिदा लिने नगर प्रहरी कर्मचारीको बिदा कार्यालयले अध्यावधिक राख्नुपर्नेछ।

(५) सुत्केरी स्याहार बिदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र गाउँपालिकामा पेस गर्नु पर्नेछ।

**७६. सट्टा बिदाः** कुनै पनि सार्वजनिक बिदाको दिन ड्युटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई सम्बन्धित बिदा दिने अधिकारीले सट्टा बिदा दिन सक्नेछ। तर यस्तो सट्टा बिदा एकपटकमा सात दिनभन्दा बढी हुने छैन। तर करार सेवामा नियूक्त नगर प्रहरी सेवाका कर्मचारीहरुको हकमा करारनामामा उल्लेख भए अनुसारको बिदा मात्र पाउनेछ।

**७७. बिरामी बिदाः** नगर प्रहरी कर्मचारीले वर्षभरिमा १२ दिन बिरामी बिदा पाउनेछ।

**७८. बिदा दिने अधिकारीः** बिदा स्वीकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ। स्वीकृत भएका बिदाहरुको अभिलेख १५ दिनभित्र प्रशासन शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ।

**७९. बिदा परिणत नहुनेः** यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन बिदा लिई बसेको हो सो नै उपभोग गर्नु पर्नेछ। पहिले कुनै एक किसिमको बिदा स्वीकृत भएकोमा त्यस्तो बिदा पछि किरिया वा प्रसूति बिदा बाहेक अर्को किसिमको बिदामा परिणत गराउन पाइने छैन।

**८०. सार्वजनिक बिदा गाभिनेः** भैपरी आउने र पर्व बिदा बाहेक अरु कुनै प्रकारको बिदा लिई बसेका प्रहरी कर्मचारीले सो बिदा भुक्तान हुँदा सार्वजनिक बिदा पर्न गएमा र सार्वजनिक बिदा पछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक बिदाको अवधि पनि निज कर्मचारीले लिएको बिदा वा सो बिदा बाँकी नभएमा पाउने अरु बिदामा बसेको मानिनेछ।

**८१. कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः** बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलबकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ। यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन।

**८२. बिदा लिने विधिः** (१) यस परिच्छेद बमोजिम बिदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफूलाई चाहिएको बिदाको अवधि, कारण, भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखामर्फत बिदा स्वीकृत गर्ने अधिकारी समक्ष पेस गर्नु पर्नेछ। बिदा स्वीकृत भए नभएको सम्बन्धित शाखा प्रमुखले सम्बन्धित कर्मच दिनुपर्नेछ।

(२) कुनै किसिमको बिदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखिकन मात्र बिदा दिने वा नदिने निर्णय गर्नेछ।

(३) भैपरी आउने बिदाको सम्बन्धमा बिदा स्वीकृत गर्ने अधिकारीले उपनियम (१) बमोजिम दरखास्त नदिए पनि आफ्नो तजबीजबाट मौखिक अनुरोधको आधारमा पनि त्यस्तो बिदाको स्वीकृत दिन सक्नेछ।

(४) देहायमा लेखिएबमोजिमका कुरामा बिदा दिने अधिकारीलाई चित्त बुझेमा निजले बिदाको लागि दरखास्त परेको मितिभन्दा अगाडिदेखि पनि बिदा बस्न पाउने गरी निवेदकलाई बिदा दिन सक्नेछः

(क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति लिई रहन सम्भव थिएन भने वा

(ख) पूर्व स्वीकृतिको लागि निवेदकले भरमग्दुर प्रयास गरेको थियो भन्ने आधार देखिएमा। तर बिदा बसी सकेपछि स्वीकृतिको लागि दरखास्त परेकोमा अस्वीकृति हुन गई त्यसको फलस्वरुप बिदाको निवेदन गर्ने नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाइएमा निजले पुनरावेदन गर्न सक्नेछ।

**८३. बिदाको अभिलेखः** बिदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको बिदाको अभिलेख किताव खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिनभित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ।

**८४. निकासा लिन नभ्याएमाः** कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी बिदामा नबसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो बिदा स्विकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई बिदामा बस्न लिखित आदेश दिई त्यसको सूचना बिदा दिने अधिकारी समक्ष पठाउनुपर्छ।

**८५. गयल खाली जनाउनेः** कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ गाउँपालिका प्रशासन शाखामा पठाई सके पछि सम्बन्धित नगर प्रहरी कर्मचारीले बिदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको

मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्बन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ। सो प्रतिवेदन उपर छानविन र जाँच गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्बन्धित अधिकृतले बिदा स्वीकृत गरी थमौती व्यहोरा लेखि पठाउन सक्नेछ।

८६. **झुठो कारण देखाएमा सजाय हुनेः** कुनै नगर प्रहरी कर्मचारीले कुनै झुट्ठा कारण देखाई बिरामी बिदा, किरिया बिदा र प्रसूति बिदा लिई बसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ।

८७. **तालिम अवधिमा बिदा बस्ने बारेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि तालिम अवधिभर सार्वजनिक बिदा र किरिया बिदाबाहेक साधारणतया अरु कुनै बिदा दिइने छैन।

## परिच्छेद-१२

## विविध

८८. **अवकाश, उपदान र निवृत्तिभरणः** नगर प्रहरी सेवाका नगर प्रहरीको अवकाश, उपदान र निवृत्तिभरण सम्बन्धी व्यवस्था गाउँपालिकाको कर्मचारी सेवासम्बन्धी कानुनले तोकेबमोजिम हुनेछ।

८९. **विभागीय आदेश र निर्देशनः** ऐनको परिधिभित्र रही देहायका विषयमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक आदेश तथा निर्देशन जारी गर्न सक्नेछ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय,

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय,

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय,

(घ) प्रचलित कानुनमा उल्लेख भएका कुराहरू स्पष्ट तथा विस्तृत गर्ने विषय,

(ङ) विभागीय अनुशासनसम्बन्धी व्यवस्था।

९०. **पुरस्कारः** कुनै नगर प्रहरीले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय, जोखिमपूर्ण काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई कार्यपालिकाले पुरस्कार स्वरूप पदक वा एकमुष्ट रकम उपलब्ध गराउन सक्नेछ।

९१. **प्रोत्साहन तथा जोखिम भत्ताः** नगर प्रहरीलाई अतिरिक्त समय कार्य गराउनु परेमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम प्रोत्साहन तथा जोखिम भत्ता उपलब्ध गराउन सक्नेछ।

९२. **पेशागत संघ सङ्गठनको सदस्यता लिन नमिल्नेः** नगर प्रहरीले गाउँपालिकामा रहेका कुनै पनि पेशागत सङ्गठनको सदस्यता लिन, सभा सम्मेलननमा भाग लिन प्रतिबन्ध गरिएको छ। यस व्यवस्थाको उल्लङ्घन गरेको पाइएमा विभागीय कारबाही हुनेछ।

९३. **नगर प्रहरीको उमेर हदसम्बन्धी व्यवस्थाः** (१) नगर प्रहरी सेवामा हाल कार्यरत नगर प्रहरीको उमेर हद गाउँपालिका कर्मचारी सेवासम्बन्धी ऐन, २०७७ बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन जारी भएपश्चात गाउँपालिकाको नगर प्रहरी सेवामा प्रवेश गर्ने नगर प्रहरीको उमेर सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

(क) नगर प्रहरी सहायक निरीक्षक ५० वर्ष

(ख) नगर प्रहरी हवल्दार ४८ वर्ष

(ग) नगर प्रहरी जवान ४८ वर्ष

(घ) नगर प्रहरी सहयोगी ५५ वर्ष

**९४. न्यायिक समितिको क्षेत्राधिकार हुनेः** नगर प्रहरी सेवाले सम्पादन गर्ने काम कारबाही सम्बन्धमा सरोकारवालाले कुनै गुनासो, उजुरी वा न्यायिक निवेदन पेस गर्न चाहेमा गाउँपालिकाअन्तर्गतको न्यायिक समितिमा पेस गर्न सक्नेछ।

**९५. सुरक्षा निकायसँग सहकार्यः** नगर प्रहरी सेवाले शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्न तथा गाउँपालिकाबासीको अमनचयन स्थापित गर्न नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह सम्बद्ध सुरक्षा निकायहरूसँग आवश्यक समन्वय, सहयोग र सहकार्य गर्नेछ।

**९६. अन्य व्यवस्थाः** गाउँपालिकाले यस ऐनमा उल्लेख नभएका नगर प्रहरीको सेवा सम्बद्ध कुनै विषयमा निर्णय गर्नु परेमा सेवाको प्रकृति नेपाल प्रहरीसँग मिल्दोजुल्दो भएको कारण नेपाल प्रहरी सम्बद्ध कानुनलाई आधार मानी निर्णय गर्नेछ।

**९७. ऐन संशोधनः** यस ऐनमा आवश्यक संशोधन गर्नु परेमा गाउँपालिकाको गाउँसभाले गर्नेछ।

**९८. खारेजी र बचाउः** यो ऐन लागु हुनुपूर्व नगर प्रहरी सम्बन्धी भए गरेका सम्पूर्ण कार्यहरू यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

आज्ञाले,<br>
नवराज गौतम<br>
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

### (दफा ६ (१) सँग सम्बन्धित)

नगर प्रहरी सेवामा देहायका पद, तह र दर्ज्यानी चिह्न रहनेछन्ः

| पद | तह | दर्ज्यानी चिह्न |
| --- | --- | --- |
| नगर प्रहरी सहायक निरीक्षक | सहायक स्तर चौथो |  |
| नगर प्रहरी हवल्दार | सहायक स्तर तेस्रो |  |
| नगर प्रहरी जवान | सहायक स्तर दोस्रो |  |
| नगर प्रहरी सहयोगी | श्रेणीविहिन/आधारभूत | |